# लेखापरीक्षण प्रतिवेदन

# निसीखोला गाउँपालिका, बागलुङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## निसीखोला गाउँपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/375

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
निसीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
वागलुङ ।

**कैफियत सहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू १२ करोड ८० लाख ४२ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब ८ करोड ५१ लाख १५ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ४८ लाख २६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ८ लाख ८७हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू १७ लाख ३० हजार र नियमित गर्नुपर्ने रु. १ करोड ९ लाख ६३ हजार रहेको छ । गत वर्षसम्म रु.१९ करोड ८९ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड ५७ लाख ६०हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकालेवित्तीयविवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्तितथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निसीखोला पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ४८ | १,४८,२६,२८८ | ० | ० | ० | ० | ६७ | ४८ | १,४८,२६,२८८ | ८,८६,८८४ | १,०९,६२,९०९ | १७,२९,८९५ | ० | ० | १,२६,९२,८०४ | १२,४६,६०० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | १९,८९,३०,००० | | ४,७९,९६,०८० | १५,०९,३३,९२० | | १,४८,२६,२८८ | १६,५७,६०,२०८ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ७७ | सोलिङभन्दा वढी पिसिसि | २,४४,००० |
| २ | २०७९/८० | ४८ | सोझै खरिद | २५,७२,२९८ |
| ३ | २०७९/८० | ३१ | वढी तलव भुक्तानी | १,९६,८८३ |
| ४ | २०७९/८० | ५३ | राष्ट्रपति शैक्षिक सुधार तर्फ | ८,२९,९३० |
| ५ | २०७९/८० | ३३ | पदाधिकारीलाई दोहोरो सुविधा | २,७०,००० |
| ६ | २०७९/८० | ८४ | न्यून लागत सहभागिता | १,०६,५०९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | ७१ | नर्म्सको प्रयोग | २०,२९,७०३ |
| ८ | २०७९/८० | ९३ | नम्समा वढी दर | ११,२०,९५७ |
| ९ | २०७९/८० | ३४ | दोहोरो पदाधिकारी सुविधा | १९,००० |
| १० | २०७९/८० | ५५ | जिन्सी दाखिला | १७,३२,००० |
| ११ | २०७९/८० | २८ | करार कर्मचारीलाई महंगी भत्ता | २४,००० |
| १२ | २०७९/८० | ४३ | उपभोक्ता समितिमार्फत खरिद | ७,५०,००० |
| १३ | २०७८/७९ | १३.२ | पारिश्रमिक तथा अन्य सुविधा | २,०१,९०० |
| १४ | २०७८/७९ | १७.१ | कार्यक्रम खर्च | २२,३६,२०० |
| १५ | २०७९/८० | १८ | फरक जिम्मेवारी | २,८६,४६,३०० |
| १६ | २०७९/८० | २६ | पेश्की बाकी | ५०,३६,००० |
| १७ | २०७८/७९ | १२.१ | अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता | १९,८०,४०० |
| जम्मा | | | | ४,७९,९६,०८० |

# (८०४४५५०४३०० - निसीखोला गाउँपालिका, बागलुङ )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** नेपालको संविधान अनुसार स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वटा वडा, ३९ सभा सदस्य, २४४.३७ वर्ग किलोमिटर क्षेत्रफल तथा २३११९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।१७ देखि २०८१ ।०९।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्ययतर्फको गरी जम्मा रु.१०८५११४९४६/- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५०००/- असुल भइ दाखिला प्रमाण पेश भएको छ

।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |
| १ | नियम विपरितको अनुगमन भत्ता | २५००० |

२ **आय व्यय विवरण:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०।०८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) निम्न बमोजिम रहेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष:२०८०/ ०८१ | | | | | | | |
| (२०८०/ ०४/ ०१ देखि २०८१/ ०३/ ३१ सम्म) | | | | | | | |
| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ.व.को कारोबार | | | गत आ.व.को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | **राजस्व अनुदान र अन्य प्राप्ति** | | | | | | |
| ११००० | कर | ९७१४५९५१.९० | ०.०० | ९७१४५९५१.९० | ६४२९९९६४.८३ | ०.०० | ६४२९९९६४.८३ |
| १३००० | अनुदान | ३०४९५२८७८.३४ | ०.०० | ३०४९५२८७८.३४ | ३९३४४१५९४.०० | ०.०० | ३९३४४१५९४.०० |
| १४००० | अन्य राजस्व | १७६८८०४.६५ | ०.०० | १७६८८०४.६५ | २५१४६७४.०० | ०.०० | २५१४६७४.०० |
| १५००० | विविध प्राप्ति | ५२५०.०० | ०.०० | ५२५०.०० | ०.०० | ०.०० | ०.०० |
| **(क)** | **जम्मा प्राप्ति** | **४०३८७२८८४.८९** | | **४०३८७२८८४.८९** | **४६०२५६२३२.८३** | **०.००** | **४६०२५६२३२.८३** |
| | **खर्च तथा भुक्तानी** | | | | | | |
| | **चालु** | **३२९९८००७४.९४** | **०.००** | **३२९९८००७४.९४** | **३१७१९२८६८.७०** | **०.००** | **३१७१९२८६८.७०** |
| २१००० | पारिश्रमिक / सुविधा | २१८५९८४५५.८० | ०.०० | २१८५९८४५५.८० | ५८०६४४६६.०० | ०.०० | ५८०६४४६६.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८२१०९५४३.०० | ०.०० | ८२१०९५४३.०० | ९७१३७३२६.७० | ०.०० | ९७१३७३२६.७० |
| २५००० | सहायता (Subsidy) | १७७९९५९७.०० | ०.०० | १७७९९५९७.०० | १७२९१०००.०० | ०.०० | १७२९१०००.०० |
| २६००० | अनुदान | ०.०० | ०.०० | ०.०० | १३४८८१८०६.०० | ०.०० | १३४८८१८०६.०० |
| २७००० | सामाजिक सुरक्षा | ९८८९९४९.१४ | ०.०० | ९८८९९४९.१४ | ८८७५८७०.०० | ०.०० | ८८७५८७०.०० |
| २८००० | अन्य खर्च | १५८२५३०.०० | ०.०० | १५८२५३०.०० | ९४२४००.०० | ०.०० | ९४२४००.०० |
| | **पूंजीगत** | **१०४६९३९८७.००** | **०.००** | **१०४६९३९८७.००** | **२०३५५२९५२.००** | **०.००** | **२०३५५२९५२.००** |
| ३१११० | भवन तथा संरचना | ११२६८१८७.०० | ०.०० | ११२६८१८७.०० | ७१८६९७७१.०० | ०.०० | ७१८६९७७१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३५२६५११.०० | ०.०० | ३५२६५११.०० | ८६३७३६०.०० | ०.०० | ८६३७३६०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ०.०० | ०.०० | ०.०० | ३८७२४००.०० | ०.०० | ३८७२४००.०० |
| ३११४० | सुरक्षा उपकरण | ३५००००.०० | ०.०० | ३५००००.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७२३३९३५९.०० | ०.०० | ७२३३९३५९.०० | १०६७५९९८५.०० | ०.०० | १०६७५९९८५.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ७६५८५१८.०० | ०.०० | ७६५८५१८.०० | ९१०४७५३.०० | ०.०० | ९१०४७५३.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ९५५१४१२.०० | ०.०० | ९५५१४१२.०० | ३३०८६८३.०० | ०.०० | ३३०८६८३.०० |
| **(ख)** | **जम्मा भुक्तानी** | **४३४६७४०६१.९४** | **०.००** | **४३४६७४०६१.९४** | **५२०७४५८२०.७०** | **०.००** | **५२०७४५८२०.७०** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (ग) | बचत / कमी (ग = क-ख ) | -३०८०११७७.०५ | ०.०० | -३०८०११७७.०५ | -६०४८९५८७.८७ | ०.०० | -६०४८९५८७.८७ |
| (घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | -२०५४०११.०० | ०.०० | -२०५४०११.०० | २९८१७७६.०० | ०.०० | २९८१७७६.०० |
| (घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | -९६६५३.०० | ०.०० | -९६६५३.०० | -७७२११.०० | ०.०० | -७७२११.०० |
| (ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | -३२८५५१८८.०५ | ०.०० | -३२८५५१८८.०५ | -५७५०७८११.८७ | ०.०० | -५७५०७८११.८७ |
| (च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७४२४९६५८.५० | ०.०० | ७४२४९६५८.५० | १३१७५७४७०.३७ | ०.०० | १३१७५७४७०.३७ |
| (छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **(ज)** | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज=ङ+च+छ)** | **४१३९४४७०.४५** | **०.००** | **४१३९४४७०.४५** | **७४२४९६५८.५०** | **०.००** | **७४२४९६५८.५०** |

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवारः**

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्चशीर्षक | बजेट | निकासाखर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२८६२८६४०.०० | १२८०४२२८५.०० |
| | **जम्मा** | १२८६२८६४०.०० | १२८०४२२८५.०० |

४ **वित्तीय विवरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक रहेको छैन ।

• प्राप्त वितीय विवरणको म. ले. प. फारम नम्बर २७०-०१ मा देखाएको बैंक तथा नगद बाँकी रु.४१३९१३०२।४५ मध्ये सञ्चित कोष खातामा रु. ३८५१८३००/- र एक कोष खातामा रु. २८७३००२।४५ मौज्दात रहेको छ ।

• स्थानीय कोषको सञ्चालन व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापन तर्फः**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फः**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

**खरिद व्यवस्थापन तर्फः**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवण पेश गरेको छैन ।

• सञ्चालित योजनाहरुमा उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने गरेको पाईएन ।

**शिक्षातर्फः**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**विविधतर्फ :**

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।

मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको कम्प्युटर मोटर साईकल र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

५.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**: स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्फः**

६.१ **बजेट पेश, पारित र अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐन,को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री प्रेम बहादुर जि. एम. ले मिति २०८०/०३/१० गते रु. ४७ करोड १३ लाख ६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०/।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.२ **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कुल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले समिति गठन गरेको र उपलब्ध गराएको छैन । ऐन,मा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट विनियोजन:** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ५१९४११३०९.०० | ३८८२२२३४९.०० | ७४.७४ | १३११८८९६०.०० | २५.२६ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ५१९४११३०९।०० बजेट विनियोजन भएकोमा चालु तर्फ रु.३८८२२२३४९/- अर्थात ७४.७४ प्रतिशत र पूँजीगत तर्फ रु.१३११८८९६०/- प्रतिशत अर्थात २५.२६ प्रतिशत बजेट विनियोजन भएको छ ।

६.४ **बजेट तथा कार्यक्रम तर्जुमा**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐन,मा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.५ **त्रैमासिक पूँजीगत खर्च:** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ५२.९८ प्रतिशत र आषाढमा मात्र ३८.८९ प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले चौथो त्रैमासिक तथा आषाढमा मात्र बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ९७६४ | २५५७ | ११८० | १४४ | ५८८४ | ५१११ |
| २ | प्रदेश पूँजीगत | ७४९२ | ० | ० | ० | ७४९२ | ७४९२ |
| ३ | गाउँपालिका पूँजीगत | ८७०४५ | ६५८८ | ११३३४ | २७२४६ | ४१८७८ | २७९६१ |
| | कूल खर्च | १०४३०२ | ९१४५ | १२५१४ | २७३९० | ५५२५४ | ४०५६४ |
| | | | ८.७७ | १२. | २६.२६ | ५२.९८ | ३८.८९ |

६.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**: स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५१४१८ | ३३०७८ | ७.६१ |
| २ | सामाजिक विकास | २७९९४८ | २४३७७३ | ५६.०८ |
| ३ | पूर्वाधार विकास | ८३१८९ | ७२६९८ | १६.७२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५८१० | १३८७० | ३.१९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९०४४ | ७१२५२ | १६.३९ |
| | जम्मा | ५१९४०९ | ४३४६७१ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६.०८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ३.१९ प्रतिशत भएकोले न्यून खर्च र बढी खर्च क्षेत्रबिच ५२.८९ प्रतिशतको फरक देखिन्छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा समानुपातिक ढंगले रकम ब्यवस्था गरी सोही बमोजिम लक्ष्य प्राप्तीमा पहल गर्नु पर्दछ ।

६.७ **मौज्दात रकम:** पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.४३४३७४०००/- खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. ७२७५०६३३/- मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिंदा सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६.८ **बजेट तथा पूँजीगत खर्च:** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५१९४११३०९ | १०४६९३९८७ | २०.१५ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु ५१९४११३०९ विनियोजन गरेकोमा रु.१०४६९३९८७ खर्च गरेको छ जुन २०.१५ प्रतिशत मात्र हुन आउँछ ।

**बजेट तथा चालु खर्च:** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५१९४११३०९.०० | ३२९९८००७४.९४ | ६३.५३ |

पालिकाले यस वर्ष चालु तर्फ रु.५१९४११३०९/- विनियोजन गरेकोमा रु.३२९९८००७४.९४ खर्च गरेको छ जुन ६३.५३ प्रतिशत हुन आउँछ ।

७ **योजना तर्जुमा र कार्यान्वायन तर्फः**

७.१ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएकोले प्राविधिकले इन्जिनियरिङ नम्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७.२ **आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिमार्फत १५५ बटा आयोजनाहरु सम्पन्न गराएर रु.55028000/- खर्च लेखेकोमा नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जानसक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ । अत: सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण गरि उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

७.३ **वार्षिक खरिद योजना/गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०४६९३९८७/- पूँजीगत खर्च/ खरिद/निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली, नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली, बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७.४ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐन,मा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजनाहरु छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने कारण यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् रहेका छन्।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ५ | ३४४००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ८९ | २८६३४००० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | २१ | ७४२७००० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | २३ | १३०८०००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १४ | १९०००००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ३ | १७५००००० |
| | जम्मा | १५५ | ८५९८५००० |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने कारण यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना सञ्चालनलाई प्राथमिकता दिनुपर्दछ ।

७.५ **ठेक्का बन्दोवस्तः** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता खरिद सम्झौता (रु.हजारमा) | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ३ | १७५०० | ० | ० | ० | ० | ३ | १७५०० | ३ | १७५०० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.१ करोड ७५ लाख लागतको ३ ठेक्का वन्दोवस्त गरेकोमा तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष व्यवस्थापन गरेका ठेक्का सबै वर्षान्तमा सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

७.६ **निर्माण कार्य व्यवस्थापनः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| विभिन्न | ३ | १२९५८८६० | १५२ | ५५०२८००० |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १५५ योजनामा मध्ये ठेक्का मार्फत ३ वटा योजनामा रु.१२९५८८६०/- खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १५२ योजनामा रु.५५०२८०००/- खर्च गरेको छ । अर्थात १५५ योजनामा भएको खर्च मध्ये १९.०६ प्रतिशत ठेक्का प्रक्रिया र ८०.०६ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

८ **परामर्स सेवा खरिदः**

**डि.पि.आर. को कार्यान्वायनको अवस्थाः** पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षहरुमा डि.पि.आर. गरेका देहाय बमोजिमका ३ वटा योजनाहरु हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वियन हुन बाँकी रहेका योजनाहरु देहाय बमोजिम रहेका

छन् ।

| क्र.सं. | डि.पि.आर. आर्थिक वर्ष | कामको विवरण | परार्मशदाताको नाम | भुक्तानी रकम | योजना कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | २०८०/०८१ | भिरकुना धावाङ प्यूठान मोटरबाटो | श्रीनिका इन्जिनियरिङ कन्शल्टेनसी प्रा लि | ४९५१४९ | कार्यान्वयनमा गएको |
| २ | " " | रेले चन्दनगैरा काँडा तिलखु र गुम ढुङ्गा उत्खनन IEE | श्री शुभ विज्ञान इन्जिनियरिङ कन्सल्टेन्सी | ७००००० | बजेट अभाव |
| ३ | " " | पाखुते बतासे डाडा रोड ९ कि.मी. बडाचौर कोटेश्वारा मसिने देउराली रोड ७ कि.मी. चलाउने बाहुन गाउँ प्यूठान रोड ८ कि मी | सेफ इन्जिनियरिङ कन्सेल्टेनसी प्रा लि काठमाण्डौं | १९८८७९४ | बजेट अभाव |
| | | | जम्मा | ३१८३९४३ | |

उपरोक्त विवरण अनुसार पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेका ३ वटा योजनाहरुमा रु.३१८३९४३/- भुक्तानी भएकोमा उक्त योजनाहरु बजेट अभाव लगायतका कारणले हालसम्म कार्यान्वियनमा आउन सकेको देखिएन । त्यसैले कार्यान्वियनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परार्मश सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

## ९ कानून निर्माण र कार्यन्वयनः

९.१ **कानून निर्माण र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन, तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, २७ वटा कार्यविधि, १ वटा आचार संहिता, १ वटा निर्देशिका तथा १ वटा रणनिती लगायत ४३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कानूनहरु निर्माण गरी सभा/ कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

९.२ **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्यौट कारवाहीको अबस्था देहाय बमोजिम रहेको छ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्यौंट/कारवाही भएका विवाद | फछ्यौंट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | १० | १० | ५ | ५ |

पालिकामा दर्ता भएका उजुरी तोकिएको समयमा फछ्यौंट गर्ने गरि कारवाही गर्नु पर्दछ ।

९.३ **मन्दिर गुम्बा र चर्च निर्माणः** पालिका भित्र रहेका मन्दिर गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | २०७८/०७९ सम्मको संख्या | २०८०/०८१ मा थप संख्या | पालिकाको अनुदान रकम | |
|---|---|---|---|---|---|
| | | | | संख्या | रकम |
| १. | मन्दिर | | २ | २ | ६००००० |
| २. | चर्च | | १ | १ | २००००० |
| | | | जम्मा | | ८००००० |

निर्माण सम्पन्न भएका मन्दिर तथा चर्च उपभोक्तालाई हस्तान्तरण नगरेको कारण मर्मत संभार नहुने देखियो । अतः सम्पन्न मन्दिर तथा चर्च उपभोक्तामा हस्तान्तरण गरि पालिकामा दायित्व नआउने अवस्था सिर्जना गर्नु पर्दछ ।

१० **सेवा प्रवाहः**

**सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयमा २१७२ जनालाई देहाय बमोजिम पञ्जिकरण प्रदान गरेको छ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | १४८२ |
| मृत्यु दर्ता | २८८ |
| बसाईसराई दर्ता | ४७ |
| विवाह दर्ता | ३३९ |
| सम्बन्ध विच्छेद दर्ता | १६ |
| जम्मा | २१७२ |

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् । सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । पालिकाले गुनासो सुनुवाई प्रभावकारि बनाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरेर सेवा प्रवाहको अवस्थाको मुल्याङ्कन गर्न सके थप प्रभावकारी हुने देखिन्छ ।

११ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

११.१ **दरबन्दी र पदपूर्तीः** पालिकामा स्वीकृत कर्मचारी दरबन्दी पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ती | | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | अधिकृत स्तर | १३ | ९ | | | ४ |
| २ | सहायक स्तर | ५१ | ३७ | १४ | | - |
| जम्मा | | ६४ | ४६ | १४ | | ४ |

पालिकाले दरबन्दी अनुसार पदपुर्ती गरी सेवा प्रवाह सुचारु बनाउनु पर्दछ

११.२ **रिक्त पदको सूचना नदिएकोः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ६४ जना रहेकोमा माथी उल्लेख भए अनुसार ४६ जना

स्थायी तथा १४ जना करारमा कार्यरत रही ४ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

११.३ **स्वत: पद रिक्तः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/०८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।

११.४ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पद तथा स्वास्थ्य सेवामा समेत ४६ जना कर्मचारीहरु करारमा राखि रु.७९५६७६१/- खर्च लेखेको छ । यसरी स्वीकृत दरबन्दी करार सेवाबाट पूर्ती गर्दा प्रतिशस्तर्धात्मक क्षमता भएका योग्य ब्यक्ति सेवा प्रवाहमा संलग्न हुन नसक्दा सेवा प्रवाह प्रभावकारी नहुने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाको समेत पालना नहुने देखिंदा समयमै लोकसेवा आयोगमा रिक्त दरबन्दीअनुसारका कर्मचारीहरुको पदपुर्तीको माग पठाएर स्थायी कर्मचारी नियुक्तीको व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

११.५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका जनस्वास्थ्य अधिकृत सहित १० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१२ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१३ **सहकारी तर्फः**

१३.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली, र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१३.२ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माणः** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा गाउँ सभा वा गाउँ सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची-५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि एक वर्ष देखि दश वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

१३.३ **सहकारी संस्थाको विवरणः** पालिकामा यस आर्थिक वर्षमा १२ सहकारी संस्था सञ्चालनमा रहेकोमा २ सहकारी संस्था मात्र नविकरण भएको देखियो । पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि ऐन,मा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । पालिकाबाट शेयर पुँजी, बचत रकम, ऋण लगानी, जगेडा कोष लगायतका विवरण उपलब्ध हुन सकेन । तपसिलका ६ सहकारी संस्था समस्याग्रस्त रहेका र सहकारी संस्थाको सञ्चालक समेत सम्पर्क विहिन रहेको पालिकाले जनाएको छ । पालिकाले समस्याग्रस्त रहेका जनाएको सहकारीहरु के कस्तो प्रकारको समस्या भएको र के कति कारणले समस्याग्रस्त भएको हो सो व्यहोरा खुलाएको छैन । पालिकाले सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा हुनेगरी कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गरी ऐनको व्यवस्था अनुसार कानूनी दायरामा ल्याउनुपर्दछ ।

| क्र.सं. | समस्याग्रस्त सहकारीको नाम |
|---|---|
| १ | नरसिहकोट महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. |
| २ | झिम्पा बचत तथा ऋण सहकारी संस्था लि- |
| ३ | बोहोरा गाउ कृषि सहकारी संस्था लि. |
| ४ | झिम्पा सहकारी संस्था |
| ५ | निसी बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ६ | दिदि बहिनी महिला बचत तथा ऋण सहकारी संस्था लि |

## १४ वित्तीय विवरण परीक्षणः

१४.१ **कार्यक्रम तथा प्रगति**: सार्बजनिका निकायले आफुलाई तोकिएको र आफुले तोकेको लक्ष्य अनुसार शत प्रतिशत प्रगति हाँसिल हुनेगरी कार्य सम्पादन गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । कार्यालयले पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा संघिय बजेट प्राप्त नभएकोले योजना कार्यान्वियन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही कार्यक्रमहरु देहायअनुसार रहेका छन्।

| क्र.सं. | कार्यक्रमको नाम | बिनियोजन रकम |
|---|---|---|
| १ | सरिटार रंगिल रोवान मोटर वाटो स्तरोन्नती वार्ड नं ६ | १०००००० |
| २ | साउनेपानी भर्कोवा नाली निर्माण | १५०००० |
| ३ | काजरी सिंचाई मर्मत | १५०००० |
| ४ | गाउँपालिका स्तरिय स्याउ खेती वितार | ५००००० |
| ५ | स्तुङ्गा चेलवाङ स्ल्याव पुल निर्माण | २५०००० |
| ६ | चेलवाङ गायम मोटरवाटो नाली व्यवस्थापन | २५०००० |
| ७ | नमुना कृषि टनेल स्थापना संचालन | ४००००० |
| | जम्मा | २७०००००० |

१४.२ **प्रगति विवरण पेश नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित १५२ योजनाहरू र निर्माण ब्यवसायी मार्फत ३ समेत कुल १५५ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

१४.३ **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## १५ आर्थिक सहायता र विविध खर्चः

१५.१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ९७ जनालाई सहयोग गरी रु.७७४८२१/- आर्थिक सहायता वितरण गरेका छन् ।आर्थिक सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गरी सहायता वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकबाट आर्थिक सहयाता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

१५.२ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.११९१६६२/- खर्च गरेको छ । पालिकाले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता चालु प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

१५.३ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु. २९००५१६/- खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन भ्रमण अभिलेख दुरीको विवरण सवारी साधनको टिकट आदि राखेको

छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ।

१६ **आन्तरिक लेखापरीक्षण:**

आर्थिक कार्यविधि तथा वित्तीय उदरदायित्व ऐन, २०७६ को दफा ३३ अनुसार नेपाल सरकारका प्रत्येक कार्यलयको कारोबारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखानियन्त्रक कार्यालयट हुनेछ भन्ने रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय कास्कीबाट अन्तर सरकारी हस्तान्तरित कार्यक्रम (विषयगत निकायबाट प्राप्त रकम) को आन्तरिक लेखापरीक्षण नभएको र आर्थिक विवरणहरु प्रमाणित गरेको पाइएन । ऐनमा व्यवस्था भए अनुसार आन्तरिक लेखापरीक्षण गरिनुपर्दछ । त्यसैगरी स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०८०/८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नगराउनु उचित देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **धरौटी तर्फः**

**धरौटी खाता:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वियनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

१८ **कृषि तथा पशुतर्फः**

१८.१ **कृषि तथा पशुमा अनुदान:** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वियन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहाय अनुसार छन्।

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही संख्या जना | अनुदान रकम |
|---|---|---|---|
| १ | आलु खेती विस्तार कार्यक्रम | ९ | ९६७५०० |
| २ | तरकारी खेती विस्तार कार्यक्रम | ५ | ४१६६६५ |
| ३ | फलफुल प्रबर्द्धन कार्यक्रम | ९ | ८४६००० |
| ४ | रैथाने बालि प्रवर्द्धन कार्यक्रम | ५ | २४२७७५ |
| ५ | २५ भन्दा बढी माउ बाख्रा पालन | ६ | ३००००० |
| ६ | १० भन्दा बढी माउ बाख्रा पालन | ७ | २१०००० |
| ७ | महिला उत्थान स्थानीय कुखुरा पालन अनुदान | ५ | ७००००० |
| ८ | भकारो सुधार कार्यक्रम | ३७ | ३७०००० |
| | जम्मा | ८३ | ४०५२९४० |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना- साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ साथै पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी अनुदान वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ ।

१८.२ **विगत वर्ष दिएको अनुदानको उपयोगः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि पशु फलफुल विरुवा रु.४१५९५३६/- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | अनुदान दिएको आर्थिक वर्ष | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | कार्यक्रमको नाम | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | २०७९/०८० | आलु बाली | १ | आलुबालि पकेट निरन्तरता | ६००००० |
| २ | " " | तरकारी बाली | १ | तरकारी बालि निरन्तरता | ११६३०९१ |
| ३ | " " | आलु | १ | आलु खेती निरन्तरता | ४१२६०० |
| ४ | " " | स्याउखेती | १ | स्याउखेती विस्तार | ७००००० |
| ५ | " " | गाइभैसी | १ | भकारो सुधार | ५००००० |
| ६ | " " | बाख्रा | २ | २५/१० माउ बाख्रा अनुदान | ४२२४०० |
| | | | | जम्मा | ४१५९५३६ |

पालिकाले उक्त अनुदान रकम उपयोगको प्रभावकारी अनुगमन गरी लक्षित नतिजा प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१८.३ **अनुदान व्यवस्थापनः** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ।

| क्र.सं. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | २८ | २४७२९४० |
| २ | पशु तर्फ | ५ | १७२५०० |
| | जम्मा | ३३ | २६४५४४० |

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.२६४५४४०/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए- भएको एकिन गर्नु पर्दछ ।

१८.४ **गाउँपालिका पशुतर्फः** पालिकाले ८ जना कृषकहरु भकारो सुधार कार्यक्रम छनौट गरेको र प्रतिकृषक रु १००००/- अनुदान उपलब्ध गराउँदा अर्नाकोट सहकारी संस्था मार्फत भुक्तानी दिएकोमा संस्थाले पालिकामा व्यवसाय कर आर्थिक ऐन, २०८० को अनुसुची ४ को ४० बमोजिम वार्षिक कारोवारको ०.०५ प्रतिशतले हुन आउने रकम दाखिला गरेको नदेखिदा संस्था छनौट गर्दा नियमानुसार चलेका संस्था छनौट गरी कारोवार गर्नुपर्ने देखिन्छ।

१८.५ **तेलहन बाली खेती विस्तार कार्यक्रम** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ६ मिति २०८०/०९/२५ बाट तेलहन बाली विस्तार कार्यक्रम अन्तर्गत एजिलिया एग्री इन्पुट्स एण्ड सोलुसन्सलाइ तोरीको विउ खरिद वापत रु.२०५१२६/- भुक्तानी गरेको छ । वागलुङ जिल्लाको तोरीको विउको जिल्ला दररेट प्रति के.जी. रु.२००/- रहेको छ । उक्त फर्मले ५९५ केजि तोरिको विउको रु.३५०/- का दरले भुक्तानी लिएकोले प्रतिकेजी रु.१५०/- का दरले ५९५ केजीको बढी भुक्तानी भएको रु ८९२५०असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,२५० |

१९ **शिक्षा तर्फः**

१९.१ **विद्यालय र विधार्थी संख्याः** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४४ | ६३२५ |
| २ | संस्थागत विद्यालय | ३ | ५०२ |
| | जम्मा | ४७ | ६८२७ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ६८२७ रहेकोमा ७.३६ प्रतिशत संस्थागत र ९२.६४ प्रतिशत विधार्थी सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

१९.२ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८०/०८१ मा पालिका भित्रका ४४ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २२६ | १४० | राहत-५०/करार-३६ | - |

उक्त विवरण अनुसार पालिकामा जम्मा २२६ शिक्षक दरबन्दी रहेकोमा १४० जना स्थायी पदपूर्ती र ८६ जना अस्थायी/राहत/करारमा नियुक्त गरी जम्मा २२६ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि पद रिक्त रहेका छन । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१९.३ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ।

| सि.नं. | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | शिवक्ति प्रा.वि | २ | ५१ | १:२६ |
| २ | जनकल्यान प्रा.वि | ८ | २४७ | १:३१ |
| ३ | देउराली प्रा.वि | १ | २४ | १:२४ |
| ४ | ज्ञानज्योति प्रा .वि | ४ | ७८ | १:२० |
| ५ | बोहरागाउँ प्रा.वि | ५ | १०२ | १:२० |
| ६ | रत्न राज्य मा.वि | ११ | ४५२ | १:४१ |
| ७ | क्षितिज नमुना प्रा.वि | ३ | ५३ | १:१८ |
| ८ | जग प्रा. वि | २ | २२ | १:११ |
| ९ | देविस्थान मा.वि | १५ | ३८९ | १:२६ |
| १० | पवित्र ज्ञानकुन्ज प्रा.वि | २ | ३८ | १:१९ |
| ११ | रसानन्द प्रा.वि | ४ | ८४ | १:२१ |
| १२ | नवशिर्जनशिल प्रा.वि | १ | ३५ | १:३५ |
| १३ | जनसहयोग प्रा.वि | २ | ४० | १:२० |
| १४ | जनजिवराज शुशिला मा.वि | १० | ३३० | १:३३ |
| १५ | झुपरीकोट आ.वि | ६ | १९० | १:३२ |
| १६ | चन्द्रबराह प्रा.वि | ४ | ९५ | १:२४ |
| १७ | हिमशिखर प्रा.वि | ५ | ६८ | १:१४ |
| १८ | गणेश प्रा.वि | ३ | ३९ | १:१३ |
| १९ | जनता मा.वि | ९ | २२६ | १:२५ |
| २० | जनहित आ वि | ५ | १३३ | १:२७ |
| २१ | ज्योति आ.वि | ६ | १८३ | १:३१ |
| २२ | प्रभा मा.वि | १७ | ६८१ | १:४० |
| २३ | बराह आ.वि | ५ | १११ | १:२२ |
| २४ | अन्नपुर्ण आ.वि | ५ | १३३ | १:२७ |
| २५ | किटेनी प्रा.वि | ३ | ५१ | १:१७ |
| २६ | हिमालय आ.वि | ५ | १४३ | १:२९ |
| २७ | जनप्रिय प्रा.वि | ३ | ५५ | १:१८ |
| २८ | पशुपति आ.वि | ६ | १९७ | १:३३ |
| २९ | अर्नाकोट मा.वि | ७ | २७६ | १:३९ |
| ३० | कर्ण प्रा.वि | ३ | ६९ | १:२३ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | जनजागृति प्रा.वि ३ | ४ | ५८ | १:१५ |
| ३२ | सूर्य प्रा.वि | ३ | ५५ | १:१८ |
| ३३ | जनचेतना प्रा.वि | ३ | ४७ | १:१६ |
| ३४ | जनमुक्ति प्रा.वि | ३ | ३८ | १:१३ |
| ३५ | ज्ञानेन्द्र मा.वि | १३ | ६१६ | १:४७ |
| ३६ | कुँडेढोर प्रा.वि | ३ | ४४ | १:१५ |
| ३७ | जनज्योति प्रा.वि | ४ | ९४ | १:२३ |
| ३८ | हिले नमुना प्रा.वि | ३ | ३८ | १:१३ |
| ३९ | तिलाचन मा.वि | ८ | ३९८ | १:५० |
| ४० | बुद्ध प्रा.वि | २ | २२ | १:११ |
| ४१ | पन्चासे देउराली | ६ | १६६ | १:२८ |
| ४२ | चोलाङ प्रा.वि | ३ | ५१ | १:१७ |
| ४३ | जनजागृति प्रा.वि ७ | ३ | ५४ | १:१८ |
| ४४ | जनता प्रा.वि | ३ | ४९ | १:१६ |
| | जम्मा | २२३ | ६३२५ | १:३८ |

उपरोक्त विवरण अनुसार यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:३८ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले ३८ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा वाग्लुङ जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा ३८ जना विद्यार्थीलाई मात्र पठन पाठन गराउनुपर्ने देखियो जुन अनुपात शिक्षा नियमावलीले तोकेको भन्दा कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

१९.४ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १७७८७८००० | १५९४७१८७६ | ६३२५ | २५२१३ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२५२१३/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

१९.५ **संस्थागत विद्यालयको शुल्क निर्धारण र त्यसको अनुगमनः** पालिको विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन तथा नियमन कार्यविधि, २०७७ को परिच्छेद १७ को बुँदा नं १३४ (४) मा तोकिए बमोजिम संस्थागत विद्यालयको शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको पालिकाले अनुगमन गर्ने व्यवस्था छ । तर पालिकाले सो कार्यविधिमा भएको व्यवस्था अनुसार संस्थागत विद्यालयहरुले शुल्क निर्धारण गरे नगरेको अनुगमन गरेको छैन । अत: पालिकाले कार्यविधिको व्यवस्था अनुसार संस्थागत विद्यालयहरुले शुल्क निर्धारण गरे नगरेको अनुमन गरेर शुल्क निर्धारणको व्यवस्था कार्यान्वयन गराउनु पर्दछ ।

१९.६ **संस्थागत विद्यालयको छात्रवृत्तिः** विद्यालय शिक्षा सञ्चालन व्यवस्थापन तथा नियमनका कार्यविधि, २०७७ को परिच्छेद ११ को बुँदा नं १०८ (२) बमोजिम (२) सस्थागत विद्यालयले उक्त विद्यालयमा अध्ययन गर्ने कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी देहाय बमोजिमका जेहेन्दार दलित जनजाति एवं सिमान्तकृत र सबै जातजातिका विपन्न विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी छात्रवृत्ति प्रदान गर्दा १० प्रतिशत लाई १०० प्रतिशत मानेर सो को ५० प्रतिशत विद्यालयबाट र ५० प्रतिशत गाउँपालिकाबाट विधार्थी छनौट गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन्।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | ३ | ५०२ | ५१ |

अत: संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको पालिकाले अनुगमन गरी एकिन गर्नु पर्दछ ।

१९.७ **शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ३३० विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा ३.६१-४.०० तथा ३.२१-३.६० जिपिए ल्याउने विधार्थी शुन्य भएको देखिन्छ । उच्च जिपिए ल्याउने विद्यार्थी शुन्य देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

१९.८ **सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापन खर्च**: कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थि लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका लागि विद्यालयलाइ अनुदान दिदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका विद्यालयहरु तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने र यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ का विद्यार्थि संख्या एकिन गरी शिक्षण सिकाइ सामाग्री व्यवस्थापन तथा व्यवहारिक अध्यासका लागि प्रति विद्यार्थि रु.१५०००/- का दरले हुन आउने रकम विद्यालयलाइ अनुदान दिने व्यवस्था रहेको छ । त्यस्तै गरी व्यवहारिक अध्यासमा सहभागी हुने विद्यार्थिका लागि प्रति महिना रु.१०००/- का दरले रकम सम्बन्धित विद्यार्थिको बैंक खातामा उपलब्ध गराउनु पर्ने उल्लेख छ। पालिकालले गो. भौ. नं. २०६ मिति २०८१/०३/२२ मा ज्ञानेन्द्र माध्यमिक विद्यालयलाइ एकमुष्ट रकम रु.९०००००/- अनुदान खर्च लेखेको छ । उक्त अनुदान उपलब्ध गराउनुपूर्व पालिकाले विद्यालय तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गरेको देखिएन । त्यस्तैगरी उपलब्ध अनुदानको विद्यालयले कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को प्रावधान बमोजिम खर्च गरेको विषयमा एकिन हुन सकिएन। पालिकाले अनुगमन गरी रकम निकासा गर्ने र अनुदान दिएको रकम तोकिएको कार्यमा खर्च भए नभएको एकिन गर्नुपर्दछ । तसर्थ उक्त अनुदान उपलब्ध गराएको रकम नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

२० **स्वास्थ्य तर्फः**

२०.१ **दरबन्दी पदपूर्ती र सेवा प्रवाहः** पालिकामा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण |
|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/चौकी | १. स्वास्थ्य चौकी-४<br>२. स्वास्थ्य सेवा केन्द्र-३ | २० | १७ | ३१६०१ | २७००००० |

उक्त विवरण अनुसार पालिकामा ६ स्वास्थ्य केन्द्र/चौकीमा कुल २० दरबन्दी रहेकोमा हाल १७ पद स्थायी पदपुर्ती भएको र ३ पद रिक्त रहेकोले सेवा प्रवाहमा असर परेको देखियो । अतः दरवन्दी अनुसार पदपुर्ती गरी सेवा प्रवाह गर्नु पर्दछ ।

२०.२

**औषधी खरिद:** पालिकाले यस वर्ष विरामीहरुको स्वास्थ्य उपचारको लागी रु.3039738/- को औषधी खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. GMP सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए-नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरिएको पालिकाको भनाई रहेकोले मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्ने देखियो ।

२१ **प्रशिक्षक भत्ता बढी भुक्तानीः**

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित प्रदेश खर्चको मापदण्ड २०७९ को अनुसूची १ को बुँदा नम्बर ४ (ख) अनुसार स्थानीय तहले सात कार्यदिन सम्मको तालिम सञ्चालन गर्दा कक्षागत व्यवस्थामा कक्षा सञ्चालन बापत रु.७००/- र कार्यपत्र वापत रु.८००/- उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । एउटा कक्षाको अबधि कम्तीमा एक घण्टा तीस मिनेटको हुने र कार्यालय समयभित्र खाजा खाना समय कटाएर एकदिनमा ४ वटा मात्र कक्षा सञ्चालन बापतको रकम रु.३६०००/- भुक्तानी दिन मिल्नेमा पालिकाले देहाय बमोजिमका कार्यक्रमहरुमा प्रशिक्षक भत्ता वापत रु.२३००००/- भुक्तानी दिएकोले नर्म्स भन्दा बढी रु.१९४०००/- भुक्तानी दिएको असुल गर्नुपर्ने रु..

| गो भौ/ मिति | कार्यक्रमको नाम | भुक्तानी लिनेको नाम | प्रशिक्षण अवधि | भुक्तानी दिन मिल्ने रकम | भुक्तानी दिएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २१-२०८०/०६/२५ | महिला क्षमता अभिबृद्धि वालविवाह नियन्त्रण कार्यक्रम | डा तारा प्रसाद गिरी | १ दिन | ६००० | ५०००० | ४४००० |
| ४१३-२०८१/०३/०४ | दलित शसक्तिकरण कार्यक्रम | अभिवक्ता सोम नेपाली | १ दिन | ६००० | ३०००० | २४००० |
| ४१३-२०८१/०३/०४ | दलित शसक्तिकरण कार्यक्रम | गायक यशकुमार | १ दिन | ६००० | ६०००० | ५४००० |
| ५५२-२०८१/०३/२४ | जनजाती शसक्तिकरण कार्यक्रम | चित्र छन्त्याल | १ दिन | ६००० | ३०००० | २४००० |
| | | आरके तामाङ | १दिन | ६००० | ३०००० | २४००० |
| | | भोज विक्रम बुढा | १ दिन | ६००० | ३०००० | २४००० |
| | | जम्मा | | ३६००० | २३०००० | १९४००० |
| | | | | | असुल गर्नुपर्ने | १,९४,००० |

२२ **चालुखर्च तर्फः**

२२.१ **पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शिर्षकमा रु.८९०४६३५/- खर्च गरेको

देखिन्छ । जुन खर्च आन्तरिक आय रु.५०७२३१४/- को १७५.५ प्रतिशत हो । पालिकाको आन्तरिक आयको अबस्था हेर्दा पालिकाको आन्तरिक आयले पदाधिकारी सुविधामा भएको खर्च समेत धान्न सकेको देखिंदैन । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी पर्याप्त आन्तरिक श्रोत भएपछि मात्र पदाधिकारी सुविधा थप खर्च गर्नुपर्दछ ।

२२.२ **तलवी प्रतिवेदन**: निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तथा पालिकाका कर्मचारीको रु.२३४३२३५६/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **उपभोक्ता समिति मार्फत खरिदः**

२३.१ **हेभी इक्विपमेण्टको प्रयोग:** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावली,को प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावली,को व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत: पालिकाले लाभग्राही समुदायबाट योजना सञ्चालन गर्दा हेभी मेशिन प्रयोग गर्नै पर्ने अबस्था आईपरेमा नियमावली,ले तोकेको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएर मात्र कार्य गराउनु पर्दछ ।

२३.२ **नगद भुक्तानी:** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार प्रदेश तथा स्थानीय तह विश्वविद्यालय नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान समिति परियोजना प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।

२३.३ **डोजर मात्र प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । पालिकाले सम्पूर्ण कार्यमा मेसिन प्रयोग हुने निर्माण योजना समेत उपभोक्ता समितिसँग सम्झौता गरी सम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य नियमावलीको व्यवस्था विपरित देखिएको रु

| सि.नं. | गो.भौ.नं. | मिति | उपभोक्ता समितिको नाम | जम्मा विवरण (डोजरको मात्र) |
|---|---|---|---|---|
| १ | ९५ | 2080-09-24 | कारीकोट देउरालि मोटर बाटो उपभोक्ता समिति | ४८०००० |
| २ | २३९ | 2081-02-09 | निल्यान भिरकुनमा मोटर बाटो निर्माण उपभोक्ता समिति | ३८४००० |
| ३ | ८७ | 2080-09-19 | किटेनी भेडीखोर ढुंगाखानी मोटर बाटो उपभोक्ता समिति | ६७२००० |
| ४ | १६२ | 2080-11-24 | घर्तिथोक कुन्तेपानी लामाचौर प्युठान मोटर बाटो उपभोक्ता समिति | ६२७८११ |
| ५ | ४०५ | 2080-08-26 | सोता छ्होङखोला मोटर बाटो निर्माण उपमोक्ता समिति | ६८४५८५ |
| ६ | ६० | 2080-08-25 | वार्ड नं. २ मोटर बाटो मर्मत ( साविक ७८९) उपभोक्ता समिति | ४७८९७१ |
| ७ | ५२ | 2080-09-19 | वार्ड नं. ३ का सम्पूर्ण मोटर बाटो सरसफाई तथा सडक स्तरोन्नत्ती उपभोक्ता समिति | ५०२५१९ |
| ८ | ८८ | 2081-02-09 | वार्ड नं. ४ का मोटर बाटो सरसफाई उपभोक्ता समिति | ४८०००० |
| ९ | २४४ | 2080-08-19 | वार्ड नं. ६ का सम्पूर्ण मोटर बाटो सरसफाई तथा सडक स्तरोन्नत्ती उपभोक्ता समिति | ९२५९०० |
| १० | ४४ | 2081-03-24 | वडा स्तरीय मोटर बाटो सरसफाई तथा स्तरोन्नत्ती उपभोक्ता समिति | ५१५००० |
| ११ | ४०४ | 2080-09-20 | तल्लो व्यांग्री उपल्ले व्याग्री हुँदै जनप्रिय प्रा.वि. जाने मोटर बाटो निर्माण उपभोक्ता समिति | ११६१५५० |
| १२ | ९० | 2080-11-21 | धावाङ पाखापानी मोटर बाटो निर्माण उपभोक्ता समिति | ९५८००० |
| १३ | १४७ | 2080-11-16 | काटेस्वाँरा मोटर बाटो निर्माण उपभोक्ता समिति | ४१६५९५ |
| १४ | १२८ | 2080-12-28 | वाख्राखोर सात्ले मोटर बाटो निर्माण उपभोक्ता समिति | ४७९९७८ |
| १५ | २०६ | 2081-03-02 | वाहुन गाउँ ढुंगाखानी मोटर बाटो उपभोक्ता समिति | ९६०००० |
| १६ | २९० | 2080-09-24 | छापा असारे जनजागृती प्रावि जाने मो बा उपभोक्ता समिति | ३३६००० |
| | | | जम्मा | १००६२९०९ |

| | |
|---|---|
| अनियमित भएको | १,००,६२,९०९ |

२३.४ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ ।यस पालिकाले यो वर्ष गाउँपालिका अन्तर्गतका देहाय अनुसारका वडा कार्यालयको भवन तथा अन्य पुर्वाधार निर्माणको काम उपभोक्ता समिति मार्फत गरी गराई रु.२३९०१४५/- भुक्तानी गरेर उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने काम उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

| गो. भौ. नं./ मिति | कामको विवरण | उ.स.को नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ११५/ २०८०-१०-२६ | वडा कार्यालय घेरावार तथा संरक्षण | वडा कार्यालय घेरावार तथा संरक्षण उपभोक्ता समिति | ४८०००० |
| २०३/ २०८०-१२-२७ | वडा नं ३ कार्यालय भवन निर्माण | वडा नं ३ कार्यालय भवन निर्माण उपभोक्ता समिति | १९१०१४५ |
| | | जम्मा | २३९०१४५ |

२४ **पूँजिगत तर्फः**

२४.१ **संघीय सरकारबाट हस्तान्तरितः** सम्झौताको G.C.C 71.2 अनुसार अन्तिम विल भुक्तानी गरेकोमा १५ दिन भित्र As Built Drawing पेश गर्नुपर्नेमा निम्न निर्माण व्यवसायीले संझौता बमोजिमको समयमा पेश गरेको नदेखिएकोले As Built Drawing वापत भुक्तानी भएको रकम रु.३००००/- असुल गर्नुपर्ने रु.

| क्र. सं. | योजनाको नाम | निर्माण व्यवसायिको नाम | एज बिल्ट बापत भुक्तानी दिएको रकम रु |
|---|---|---|---|
| १ | लोकमार्ग देखि पालिका सम्म सडक निर्माण | डि.आर. एच कन्सक्ट्रसन प्रा. ली. | १०००० |
| २ | हर्पे धुवाखोर र पाखापानी सडक स्तरोन्नती | सोल निर्माण सेवा | १०००० |
| ३ | संजय वगर घोडरेनी गढी सिंचाइ आयोजना | त्रिलाचन कन्सट्रक्सन प्रा. लि. | १०००० |
| | | जम्मा | ३०००० |

| असुल गर्नुपर्ने | ३०,००० |
|---|---|

२४.२ (१९८-२०८०-१२-२५):

**बढी भुक्तानीः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ ।पालिकाले सूर्य प्राथमिक विद्यालयलाइ भवन निर्माण वापतको रकम भुक्तानी गर्दा ५ वटा झ्यालको ८.७×०.१×०.१ का दरले गणना गरिएकोमा ४ झ्याल मात्र देखिएकोले १ झ्यालको बढी भुक्तानी भएको प्रतिघनमिटर रु.६१४१३/- का दरले ०.८७ घनमिटरको रु.५३४२/- असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ५३,४२९ |
|---|---|

२४.३ (१५९-२०८०-११-२४):

**ढुङ्गा प्रयोगः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावी २०७७ को नियम ३९ (१०) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने भन्ने व्यवस्था भएकोमा पालिकाले रिनुवाङ त्रिलाचन मा.वि. मोटरवाटो स्तरोन्नती कार्य वापतको रकम रु.१४४००००/- भुक्तानी गर्दा विल बमोजिम मिडिएम रकम एक्साभेटर प्रयोग गरी १८६ घनमिटरको प्रतिघनमिटर रु ५७० का दरले रु.१०६०२०/- भुक्तानी दिएकोमा सोही चेनेजमा Drain Work मा Dry Stone Soling मा सोही ढुङ्गा प्रयोग हुनेमा सो विपरित ४०.४३ घनमिटरको प्रति घनमिटर रु.१५६०/- का दरले ढुङ्गा वापतको रकम रु.६३०७०/- भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६३,०७० |
|---|---|

२४.४ **चोलाङ प्रा.बि. ढलानः** पालिकाले चोलाङ प्रा.बि. ढलान कार्यको लागि रु.९६००००/- को अन्तिम विल भुक्तानी गरेकोमा देहाय अनुसारका व्यहोराहरु देखिएका छन्।

a) बढी भुक्तानी: १४०-२०८०/१०/२१: आइटम नं. १ को P.C.C (1:2:4) को भुक्तानी दिदा विमको लम्वाइ तर्फ १६.३० मिटर विमको भाग गणना पश्चात चौडाइ तर्फ विमको भाग घटाएर मात्र गणना गर्नुपर्नेमा सो विपरित दोहोरो गणना भएको देखियो । पालिकाले २३.५१ घनमिटरको प्रति घनमिटर रु.१८७३६/- का दरले भुक्तानी दिएकोमा २२.५१ घनमिटरको प्रति घनमिटर रु.१८७३६/- का दरले भुक्तानी दिएकोमा २२.५१ घनमिटरको मात्र दिनुपर्नेमा बढी भुक्तानी दिएको १ घनमिटरको रु.१८७३८/- असुल गर्नुपर्ने

b) शहरी विकास तथा भवन निर्माण विभागको स्वीकृत नर्म्स अनुसार फर्म वर्क वापत भुक्तानी दिदा प्लाइ तथा काठ ६ पटक प्रयोग प्रयोग गर्ने मिल्नेगरी लागत राख्नुपर्नेमा कार्यालयले १ पटक मात्र प्रयोग हुने गरी गणना गरेर प्रति स्क्वायर मिटर रु.५६९.१७ का दरले १६३.४४ स्क्वायर मिटरको रु.९३०२५/- भुक्तानी दिएकोमा प्रतिवर्ग मिटर रु.३७९.४४ दरले १६३.४४ स्क्वायर मिटरको रु.७७५२१/- दिनु पर्नेमा बढी भुक्तानी रु१५५०४/- दिएको असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३४,२४२ |
|---|---|

२४.५ (३८६-२०८१-३-२३):

**जस्तापाता प्रयोगः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ ।पालिकाले खरको छाना विस्थापित कार्यक्रमको लागि ०.४१ एमएम ८ फुटे ६७.५७ वण्डल जस्तापाता साथीभाइ हार्डवेयर बाट खरिद गरी रकम रु.९७९९९५/- भुक्तानी गरेकोमा सो जस्तापाता प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ९,७९,९९५ |
|---|---|

२४.६ **ढुवानी रकमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावी २०७७ को नियम ३९ (१०) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने भन्ने व्यवस्था भएकोमा पालिकाले तपशिलका योजनामा ईष्टीमेटमा ढुवानी राखेर निर्माण सामाग्रीको दररेट कायम गरेको अवस्थामा थप ढुवानी बापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने

| गो भौ नं/मिति | योजनाको नाम | ढुवानी वापत भुक्तानी रकम |
|---|---|---|
| १०६-२०८०/१०/१७ | झांग्रीस्थान काँडा बस्ती तटबन्धन तथा भल नियन्त्रण | ८०००० |
| ११५-२०८०/१०/२६ | वाडा कार्यालय घेरावार तथा संरक्षण | ८०००० |
| | जम्मा | १६०००० |

| असुल गर्नुपर्ने | १,६०,००० |
|---|---|

२४.७ **२९५-२०८१/०३/०३**: पालिकाले साहवोट भैसेखर्क सिंचाइ आयोजनाको लागि Earth work in excavation in hard soiling by machine ९०.४० घनमिटरको प्रतिघनमिटर रु २४० का दरले भुक्तानी दिएको अवस्थामा सोही ठाउँमा dry stone soiling वापत ४.४५ घनमिटरको प्रतिघनमिटर रु. २५५६/- का दरले भुक्तानी भएकोमा ढुङ्गा खरिद मार्फत प्रतिघनमिटर रु.१५६०/- का दरले ४.४५ घनमिटरको रकम रु.६९४२/- असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ६,९४२ |
|---|---|

२४.८ (३७३-२०८१-३-२२):

**खाजा खर्च बाँकीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावी, २०७७ को नियम ३९ (१०) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने भन्ने व्यवस्था भएकोमा पालिकाले पालिकाले गत आ.व. २०७९/०८० को भुक्तानी दिन बाँकी रु.२७६४६०/- जि सी होटल एन्ड रेष्टुरेन्टलाइ भुक्तानी दिदा कन्टिन्जेन्सी शिर्षकबाट खर्च लेखिएकोमा कुन मितिमा खाजा खर्च बाँकी रहेको हो भन्ने नखुलेकोले सो को प्रमाण पेश गर्नुपर्ने रु..

| प्रमाण पेश नगरेको | २,७६,४६० |
|---|---|

## २५ आन्तरिक आय तथा राजश्वः

२५.१ **कर संकलनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| आन्तरिक आय | ४४००००० | ४६६०३३५ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमान बमोजिमनै आन्तरिक आय संकलन गरेको देखिएतापनि पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२५.२ **आन्तरिक आय र खर्चको विश्लेषणः** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय | पालिकाको जम्मा खर्च | खर्चको तुलनामा आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ४६६०३३५ | ५१९४११३०९ | ०.९ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु. ५११९४११३०९/- रहेको छ भने राजश्व संकलन रु.४६६०३३५/- गरेको छ । पा पालिकाको कुल खर्च आन्तरिक आयको ११११४५ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले खर्चको तुलनामा आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ ।

२५.३ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर राजस्व संकलनका लागि जियोसफ्ट टेक्नोलोजी प्रा.ली. को सांग्रिला नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.४२९३६२७/- राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विश्वसनियता र सम्भाव्य जोखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२५.४ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | आम्दानी शिर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | ५००००० | ५७५८२८ |
| २ | वहाल कर | ४००००० | ४६१३०१ |
| ३ | वहाल विटौरी कर | ० | २०००० |
| ४ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०००० | २४००० |
| ५ | भुमि कर /मालपोत | १०५०००० | १०२४९५५ |
| ६ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | |
| ७ | न्यायिक दस्तूर | ० | ५०० |
| ८ | शिक्षा क्षेत्रको आम्दानी/ब्यसायले भुक्तानी गर्ने | ० | ९५५०० |
| ९ | परीक्षा शुल्क/अन्य स्रोतबाट प्राप्त रोयल्टी | ५००००० | १०५१५० |
| १० | अन्य प्रशासनिक सेवा शुल्क | ८००० | ९००० |
| ११ | नक्सापास दस्तुर/अन्य मनोरंजन कर | ३०००० | २०००० |
| १२ | सिफारिश दस्तुर | ४००००० | ४०९९२० |
| १३ | व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | २४३१५० |
| १४ | नाता प्रमाणित दस्तुर | ७०००० | ८२५०० |
| १५ | अन्य दस्तुर | १५००००० | १५०६८५७ |
| १६ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९०००० | ९०३०० |
| १७ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ० | ० |
| १८ | जलस्रोत सम्बन्धी अन्य दस्तुर/अन्य सेवा शुल्क तथा विक्री | ४३००० | ४३६०० |
| १९ | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ० |
| २० | प्रदुषण नियन्त्रण शुल्क | ० | ० |
| २१ | अन्य राजस्व | ३१४००० | ३४१६०३ |
| २२ | व्यवसाय कर | ४०००० | ३७९०० |
| जम्मा | | ४४००००० | ५०७२३१४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाताले कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२५.५ **कवाडी संकलनः** मु.अ.कर ऐन, २०५२ को व्यवस्था अनुसार आय संकलनमा मु.अ.कर असुल गर्नुपर्नेमा पालिकाले कवाडी संकलन कार्यको लागि पुर्वासिंङ कार्की सँग रु.९००००/- को सम्झौता गरेकोमा मु.अ.कर ऐन, २०५८ बमोजिम मु.अ.कर तथा अग्रिम कर १.५ प्रतिशत लिनुपर्नेमा रु.९००००/- मात्र लिएकोले बाँकी रकम मु.अ. कर रु.११७००/- तथा अग्रिम आयकर रु.१३५०/- समेत जम्मा रु.१३०५०/- असुल गर्नुपर्ने रु..

| असुल गर्नुपर्ने | १३,०५० |
|---|---|

२६ **पेश्की बाकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने व्यवस्था गरेको छ । पालिकाको आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको म्याद ननाघेको रु.२७७०००/०० तथा म्याद नाघेको रु.१२४६६००/- निम्नानुसारका निर्माण व्यवसायी व्यक्ति संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पैश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिनेको नाम | म्याद ननाघेको रकम | म्याद नाघेको रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रेम बहादुर घर्ती मगर | | १००००० | १००००० |
| २ | नरेन्द्र मगर | | ४०००० | ४०००० |
| ३ | पुरुषोतम् गौतम | | १००००० | १००००० |
| ४ | लेखन नेपाल मिडिया प्रा ली | ६७००० | | ६७००० |
| ५ | लेखन नेपाल मिडिया प्रा ली | | ३३००० | ३३००० |
| ६ | रिग युवा क्लव | २१०००० | | २१०००० |
| ७ | जन जिवराज शुशिला मा वि भवन निर्माण उ.स. | | ६३३६०० | ६३३६०० |
| ८ | विजय घर्ती मगर | | ४०००० | ४०००० |
| ९ | यमकान्त पौडेल | | ३००००० | ३००००० |
| | जम्मा | २७७००० | १२४६६०० | १५२३६०० |

| पेश्की | १२,४६,६०० |
|---|---|

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई रु. ५३४५७६०।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२८ **निसीखोला गाउँपालिका बृतचित्र निर्माणः** (४८३-२०८१-३-२०):

निसीखोला गाउँपालिका बृतचित्र निर्माण कार्यक्रम अन्तरगत पालिकाले बृत चित्र निर्माण वापत पब्लिक इन्ट्रेस्ट मिडियालाइ रु.४७३४४० भुक्तानी गरेको छ। पालिका र संस्था विच भएको सम्झौताको बुँदा नं ६ मा कार्यक्रम प्रसारण भएपछी र YouTube मा upload गरेपछि पालिकाले रकम भुक्तानी गर्नुपर्ने उल्लेख गरिएको छ । टेलिभिजनमा प्रसारण भएको लगसिट र पालिकाको YouTube

Channel नै नभएको अवस्थामा कसरी र कहाँ प्रसारण भयो भन्ने एकिन गर्न नसकिएकोले यस पालिकाको बृतचित्र तयार गरेर टेलिभिजनमा प्रसारण भएको लगसिट र पालिकाको YouTube Channel मा उक्त कार्यक्रम भएको जनाउने प्रमाण भएमा पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७३,४४० |

२९ **निर्माण तर्फः**

२९.१ **निसिखोला आधारभुत अस्पताल १० शैयाः** पालिकाले २०७८/१०/२० मा सम्झौता रकम रु.८२३४९९३९/- को अस्पताल निर्माण कार्यको लागि निर्माण व्यवसायी हिमड्रङ्क एसी आइएस जे.भी. ले मिति २०८०/१०/२० सम्म सम्पन्न गर्ने गरी निर्माण सम्झौता भएको ठेक्कामा दुइ पटक गरी अन्तिम म्याद मिति २०८१/०९/३० सम्म रहेको ठेक्का ५० प्रतिशत म्याद थप हुँदा प्रगति ८० प्रतिशत मात्र देखियो । अतः तोकिएको म्याद भित्र निर्माण सम्पन्न गर्ने गरी कार्य प्रगति बढाउनु पर्ने देखियो । यसमा कार्यालयले बजेट अभावका कारण तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको प्रतिक्रिया दिएको छ ।

२९.२ **ठेक्का अभिलेख:** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः कार्यालयले स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२९.३ **कन्टिन्जेन्सी खर्चः** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मर्मत तथा इन्धन, कार्यलय सञ्चालन तथा अनुगमनमा र अन्यमा यस वर्ष रु.४९४५९६०/- कन्टीन्जेन्सी खर्च गरेको छ ।

कन्टेन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ । वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको एकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

३० **सामाजिक सुरक्षा तर्फः**

३०.१ **भत्ता वितरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वापत यस वर्ष कूल रु.१२८१२८३८४/- वितरण गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं २ र ३ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो।

| समुह/ त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | बार्षिक विवरण संख्या | बार्षिक वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| अन्य जेष्ठ नागरिक भत्ता | १७२६ | २०५३६०२९ | १७३४ | २०७७३७२ | १७५९ | २०८५४३६० | १७६९ | २१०३९१०४ | ६९९७ | ८३२०६८६५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ४१७ | ३२६११६० | ४२३ | ३३१२०५५ | ४३५ | ३४०३९१३ | ४३८ | ३४७३९८० | १७१३ | १३४५११०८ |
| जेष्ठ नागरिक एकल महिला | २१९ | १७३९६४० | २१३ | १६९५४८४ | २०८ | १६५७१८० | १९३ | १५४०१४० | ८३३ | ६६३२४४४ |
| विधवा | ३३७ | २६५५७९५ | ३४४ | २७१६३९२ | ३५० | २७६१०८० | ३६० | २८२२२६० | १३९१ | १०९५५५२७ |
| पूर्ण अपाङ्गता भत्ता | ९० | १०१७४५० | ९६ | ११४९१२० | ९५ | ११३७१५० | ९३ | १११३२१० | ३७४ | ४४१६९३० |
| अति अशक्त अपाङ्गता भत्ता | १५७ | ९५०९६० | १६२ | १०३६०७० | १६० | १०२१४४० | १६१ | १०२७८२४ | ६४० | ४०३६२९४ |
| दलित बालबालिका | ८३८ | १३१२२३५ | ८९४ | १३६८६७७ | ८९८ | १३६८५०१ | ९०३ | १३७९८०३ | ३५३३ | ५४२९२१६ |
| जम्मा | ३७८४ | ३१४७३२६९ | ३८७५ | ३२०५५१७० | ३९०५ | ३२२०३६२४ | ३९१७ | ३२३९६३२१ | १५४८१ | १२८१२८३८ |

प्राप्त आर्थिक विवरण अनुसार सामाजिक सुरक्षा वापत रु.१२८६२८६४०/- भुक्तानी भएकोमा खर्च रु.१२८१२८३८४/- मात्र देखियो फरक रकम रु.५००२५६/- को. ले.नि.का.दाखिला भएको प्रमाण पेश भएको छ ।

३०.२ **निस्क्रिय खाता तथा लगत कट्टा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

३०.३ **मृत्यु पश्चात रकम जम्माः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिन भित्र घटना दर्ता गराउनुपर्छ र घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ।नियम १५(४)मा मृत्यु भएका लाभग्राहीको मृत्यु भएको दिनसम्मको सामाजिक सुरक्षा भत्ता निजका हकवालाले प्राप्त गर्न सक्नेछन भन्ने उल्लेख भएको छ। पालिका बाट प्राप्त फरवार्ड फिडको

नमुना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिम विवरण भएका लाभग्राहीहरुको लगतकट्टी गरेर पनि लाभग्राहीको खातामा सामाजिक सुरक्षा वापतको रकम नघटाइ बैंकमा जम्मा गरेको देखिएकोले लगत कट्टा पश्चात जम्मा भएको रकम रु.२४२९०१/- फिर्ता गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु..

| क्र.सं. | नाम/थर | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|
| १. | चन्द्रमणी शर्मा | २९३३ |
| २. | भिम बहादुर चन्द | १३३ |
| ३. | विरमता पुन | २६६ |
| ४. | खर्कमला मगर्नी | ४०० |
| ५. | डिल कुमारी छन्याल | १४९० |
| ६. | अम्वरे कामी | १३३३३ |
| ७. | दधे कामी | ४६६६ |
| ८. | चिने दमाइ | २००० |
| ९. | अम्वे कमिनी | ७९८० |
| १०. | इन्द्र सुनार | ११९७० |
| ११. | सुनमति सुनारनी | ११९७० |
| १२. | चेत वहादुर कुँवर | ४००० |
| १३. | पुतली बुढाथोकी | १२००० |
| १४. | मोतिलाल घर्ती | ९९३३३ |
| १५. | काली गुरुङ | २५९२५ |
| १६. | वनविर कामी | १७४७३ |
| १७. | मती घर्ती | १३३० |
| १८. | पूर्ण कुमारी मल्ल | ३३२५ |
| १९. | छविलाल कार्की | १३३३० |
| २०. | पान कुमारी खड्का | ९०४४ |
| जम्मा | | २४२९०१ |

| असुल गर्नुपर्ने | २,४२,९०१ |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : निसीखोला गाउँपालिका, बागलुङ , निसीखोला गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जिवन पुन मगर | २०८१-१-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरि बहादुर बुढा | २०७८-९-१८ | २०८१-३-४ |
| लेखा प्रमुख | प्रेम प्रसाद शर्मा | २०८१-३-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८८६,८८४ | १०,९६२,९०९ | १,७२९,८९५ | ० | ० | १,२४६,६०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १४,८२६,२८८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४,८२६,२८८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६९७११९९४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७९५००८५६ | चालु खर्च | ३२०७८०५२२ |
| प्रदेश सरकारबाट अनुदान | १६२१३४५० | पूँजीगत खर्च | १०४६५४९६८ |
| राजश्व बाँडफाँट | ९१३८४०७२ | वित्तीय/अन्य व्यवस्था | १३१२८०७४६ |
| आन्तरिक आय | ४६६०३४३.० | | |
| अन्य आय | १३६६३९९८९ | | |
| कुल आय | ५२८३९८७१० | कुल खर्च | ५५६७१६२३६ |
| बाँकी मौज्दात | | ४१३९४४६८ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ।